नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
जिल्ला विकास समितिको कार्यालय
सल्यान

फोन नं. ०८८ - ५२००७२
=याक्स नं. ०८८ - ५२००२३

प्रथम प्रकाशित मिति : २०७३।२।२७

विषय :- **आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने बोलपत्र आव्हान सम्बन्धी सूचना**

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २१५ र २१८ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ (संशोधन सहित) को नियम २०७ र २१० बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार केही परिमाणमा नदीजन्य/खानीजन्य पदार्थहरू (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, स्लेट आदि) झिक्नु पर्ने भएकोले यस जिल्लाको २२ औं जिल्ला परिषद्को निर्णयानुसारको पारित दररेटमा कर, शुल्क, दस्तुर असुल उपर गर्न आ.व. २०७३।७४ (२०७३ साउन १ गतेदेखि २०७४ असार मसान्तसम्म) वर्ष एकको लागि तपसील बमोजिमका आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) गर्नु पर्ने भएकोले इच्छुक फर्म/संस्था/व्यक्तिहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी र निम्न शर्तहरूको अधिनमा रही ठेक्का बन्दोवस्तको लागि यो बोलपत्र आव्हान सम्बन्धी सूचना सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

| ठे.नं. | ठेक्काको नाम | न्युनतम मुल्य | फाराम दस्तुर | सीमा क्षेत्रहरू | कैफियत |
|---|---|---|---|---|---|
| १/०७१।७२ | जिल्ला बाहिर निकासी हुने मालवस्तु (मु.अ.कर बाहेक) | ४३,००,०००।- | १०००।- | कपुरकोट, रामपुर, बालुवासंग्रही लगायतका स्थानहरू। | |
| २/०७१।७२ | नदीजन्य/खानीजन्य पदार्थहरू ढुंगा, गिट्टी, बालुवा, ढुंगा, स्लेट आदि प्रयोग/निकासी (मु.अ.कर बाहेक) | १३,००,०००।- | ३००।- | शारदा खोला, लुहामखोला, मर्मखोला, बनगाड खोला, भेरी नदी | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम गर्नुपर्ने। |
| | सवारी कर : जिल्लाभित्र यातायात चल्ने सडकहरू (केन्द्रीय सडक बाहेक) | | | | |
| ३/०७१।७२ | खलंगा सल्लीबजार सडक | ७५,०००।- | ३००।- | | |
| ४/०७१।७२ | लुहाम काभ्रा सडक | ७५,०००।- | ३००।- | | |
| ५/०७१।७२ | शंखमुल झिम्पे सडक | ५०,०००।- | ३००।- | | |
| ६/०७१।७२ | खलंगा खैराबाङ्ग रामपुर सडक | ५०,०००।- | ३००।- | | |
| ७/०७१।७२ | थारमारे बडागाउं चौरजहारी सडक | ७५,०००।- | ३००।- | | |
| ८/०७१।७२ | मोख्ला दमाचौर सडक | ५०,०००।- | ३००।- | | |
| ९/०७१।७२ | थारमारे कोटमौला पातिहाल्ना सडक | ५०,०००।- | ३००।- | | |
| १०/०७१।७२ | लान्ती लेखपोखरा सडक | ५०,०००।- | ३००।- | | |
| ११/०७१।७२ | श्रीनगर खैराबाङ सडक | २५,०००।- | ३००।- | | |

**शर्तहरू :**

१ बोलपत्र फाराम मिति २०७३।३।२४ गतेभित्र कार्यालय समयमा जिल्ला विकास समितिको कार्यालयबाट खरीद गर्न सकिनेछ। बोलपत्र फाराममा अधिकार प्राप्त अधिकारीको दस्तखत र छाप भएको हुनु पर्नेछ।

२ शीलबन्दी बोलपत्र फाराम मिति २०७३।३।२६ गते दिनको १२.०० सम्म जिविसको कार्यालय सल्यानमा दाखिला गर्नु पर्नेछ।

३ दाखिला हुन आएका शीलबन्दी बोलपत्रहरू मिति २०७३।३।२६ दिनको २.०० बजे बोलपत्रदाताको रोहबरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन।

४ शीलबन्दी बोलपत्र पेश गर्दा व्यक्तिगत भए नेपाली नागरिकताको फोटोकपि र पानमा दर्ता भएको प्रमाण पेश गर्नु पर्नेछ। व्यवसायिक फर्म भए सो को दर्ता प्रमाण तथा आयकर दर्ता प्रमाण, कर चुक्ता प्रमाण पत्र समेत अनिवार्य पेश गर्नु पर्नेछ।

५ शीलबन्दी बोलपत्र पेश गर्ने व्यक्ति नेपाली नागरिक भए कबोल अंकको ५ प्रतिशत र विदेशी भए १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको ने.बै.लि.,सल्यान स्थित ग ३।८ धरौटी खातामा दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

६ ठेक्का अवधि २०७३ साउन १ गतेदेखि २०७४ असार मसान्तसम्म मानिनेछ। साथै बोलपत्र अंकलाई तीन किस्ता मानी पहिलो किस्ता वापत ५० प्रतिशत रकम दाखिला गरी सकेपछि मात्र कार्यादेश दिई सम्झौता गराइनेछ। बा" की रकम बराबरको ठेक्का समाप्त हुने मितिले एक महिना बढीको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ। दोश्रो किस्ता बा" की ५० प्रतिशत मध्ये २५ प्रतिशत पुस मसान्तभित्र र तेस्रो किस्ता २५ प्रतिशत फागुन मसान्तभित्र दाखिला गर्नु पर्नेछ। दोस्रो र तेस्रो किस्ता तोकिएको समयमा नबुझाएमा बैंक जमानतबाट असुली गरिनेछ।

७ कबोल गरेको ठेक अंक एकमुष्ट पुरै बुझाएमा १० प्रतिशत रकम छुट दिइनेछ।

८ ठेक्का सम्बन्धी नेपाल सरकारलाई तिर्नु पर्ने मु.अ.कर लगायतका कर बोलपत्रदाताले स्वयम्ले तिर्नु पर्नेछ ।
९ करका दरहरू बोलपत्र साथ प्राप्त हुनेछन्।
१० बोलपत्र स्पष्टसंग अंक र अक्षरमा लेखिएको हुनुपर्नेछ । केरकार र अंक स्पष्ट नभएमा अक्षरलाई मान्यता दिइनेछ ।
११ बोलपत्रदाताले बोलपत्र पेश गर्दा ठे.नं. र ठेक्काको नाम अनिवार्य रूपले लेखी अलग अलगत पेश गर्नुपर्नेछ ।
१२ ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१३ कुनै शर्त राखी पेश गरिएको बोलपत्र र माथि शर्त नं. १ विपरितको बोलपत्र मान्य हुने छैन ।
१४ आम हडताल, नेपाल बन्द आदि जस्ता कुनै विशेष कारण दशाई बोलकबोलवालाले कर मिनाहा एवं छुट पाउने छैन ।
१५ कार्यादेश प्राप्त गरे पछि बोलपत्रदाताले तोकिएका जिल्ला भित्रका नाकाहरूबाट मात्र कर असुल गर्नु पर्नेछ ।
१६ बोल कबोलकर्ताले यस कार्यालयबाट प्रमाणित नगदी रसीदबाट मात्र कर असुल गर्नुपर्नेछ । र सो नगदी रसीद आफैले छपाउनु पर्नेछ ।
१७ काटिएका अर्धकट्टी रसीद पेश गरेपछि मात्र थप नगदी रसीद प्रमाणित गरी दिइनेछ ।

**अन्य शर्तहरू :**

१८ नदीजन्य/खानीजन्य पदार्थहरू (ढुंगा, बालुवा, गिट्टी, ग्राभेल, स्लेट आदि) उठाउंदा कुलो, बा" ध पैनी र त्यस्तै अन्य भौतिक संरचनामा क्षति पुग्ने गरी उठाउन पाइने छैन ।
१९ नदीजन्य/खानीजन्य पदार्थहरू (ढुंगा, बालुवा, गिट्टी, ग्राभेल, स्लेट आदि) उठाउंदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए मुतावितक मात्र गर्नु पर्नेछ । सम्झौता गर्दा उक्त प्रतिवेदन संलग्न राखी दिइनेछ ।
२० वन क्षेत्रमा प्रवेश गरी नदीजन्यपदार्थ उठाउन पाईने छैन ।
२१ पुलहरूको तलमाथि ५०० मिटर भित्रमा नदीजन्य पदार्थ उठाउन पाईने छैन ।
२२ एक्साभेटर जस्ता ठुला मेशीनरी सामान प्रयोग गरी नदीजन्य पदार्थ निकाल्न पाइने छैन ।
२३ खोला नालाहरूमा तोकिएको ठाउंबाट मात्र नदीजन्य पदार्थ उठाउन पाइने छ ।
२४ वातावरणीय रूपले प्रतिकुल हुने कुनै काम गर्न पाईने छैन । र कुनै संरचनामा क्षति पुग्न गए बोलपत्रवालाले मर्मत/क्षतिपूर्ति गरिदिनु पर्नेछ ।
२५ यस अगाडि जिविससंग ठेक्का लिई ठेक्का रकम हालसम्म नबुझाएका वा फरफारक नभएका ठेकेदारबाट पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन । तर बोलपत्र पेश गर्नु भन्दा अगावै फरफारक गरेको प्रमाण पेश गरेमा त्यस्ता बोलपत्रलाई कुनै वाधा पर्नेछैन ।
२६ अन्य केही कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयमा बुझ्न सकिने छ ।

रामचन्द्र पौडेल
स्थानीय विकास अधिकारी